# आर्थिक बर्ष २०४४–४५

## २०४४ साल आषाढ २६ गते
## अर्थ राज्यमन्त्री भरत बहादुर प्रधानले
## दिनु भएको बजेट वक्तव्य

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ
२०४४

२.१ आगामी वर्षको नीति र कार्यक्रमहरु तर्जुमा गर्दा शाही सम्बोधनमा उल्लेख भए बमोजिम गत वर्षदेखि अपनाइ आएको आर्थिक समायोजन कार्यक्रमलाई कायमै राखी तदनुरुप वित्तीय, मौद्रिक तथा मूल्य नीतिहरु अवलम्बन गरिएका छन् । यी नीतिहरुको मुख्य उद्देश्य राजस्व वृद्धि गर्ने, सरकारी बजेट घाटा कम गर्ने र आन्तरिक कर्जा प्रवाह नियन्त्रण गर्ने तर्फ केन्द्रीय छन् । यी नीतिहरु बारे केही विवेचना गर्न चाहन्छु ।

२.२ श्री ५ को सरकारको खर्चको वृद्धि दर अनुरुप आन्तरिक साधन परिचालन हुन सकेको छैन । यसो हुनमा मुख्यतः वर्तमान कर प्रणालीमा करको लोचता कम हुनु हो । यसरी लोचता कम हुनमा कूल ग्राहस्थ उत्पादनको भण्डै ६० प्रतिशत ओगट्ने कृषि क्षेत्रमा करको भार नगण्य रहनु नै हो । कर राजस्वको लोचतामा वृद्धि गर्न राष्ट्रिय आय वृद्धिको अनुपातमा गरिने छ ।

२.३ करहरुको दर निर्धारण वहु–उद्देश्यमा आधारित हालको परिपाटीले गर्दा कर प्रणाली क्लीष्ट हुन गएको छ । फलस्वरुप एकातिर निर्धारित उद्देश्यहरु प्राप्त गर्न सकिएको छैन भने अर्कोतिर यसले विभिन्न विकृतिहरु ल्याएको छ । यसमा सुधार गरी युक्तिकरण एवं सरलीकरण गरिएको ।

२.४ साधारण खर्चको वृद्धि दर राजस्वको भन्दा बढी रहेमा राजस्व बचत घट्न जाने हुन्छ । यसले गर्दा विकास लगानी घाटा बजेटमा निर्भर हुन गई आन्तरिक ऋण लिई परिपूर्ति गर्नु पर्ने हुन्छ । अहिले नै आन्तरिक ऋणको सांवा र व्याज भुक्तानीको लागि मात्र पनि कूल साधारण खर्चको ३० प्रतिशत जति व्यय भार परिसकेको छ । ऋणको सांवा र व्याज भुक्तानी समेत गरी साधारण खर्चलाई आगामी वर्षको प्रचलित मूल्यमा राष्ट्रिय आयको वृद्धि दर भन्दा नबढ्ने गरी नियन्त्रण गर्ने नीति अपनाएको छु ।

२.५ आन्तरिक साधनको परिचालनमा कमी भई सरकारी खर्च व्यहोर्न वैंक ऋणमा बढी निर्भर भएमा मुद्रा स्फीति र शोधनान्तर स्थितिमा तत्कालै प्रतिकूल असर पर्ने हुन्छ । यस बाहेक बजेट घाटाको लागि वैंकिंग क्षेत्रमा भर पर्दा वैंकको उपलव्ध साधन सरकारी क्षेत्रमा बढी मात्रामा जाने भई निजी क्षेत्रको विकासलाई समेत कुण्ठित गर्ने हुन्छ । तसर्थ यस्तो घाटा रकमलाई क्रमशः कम गर्दै लगी अर्थतन्त्रले धान्न सक्ने सीमासम्म मात्र कायम राख्ने नीति लिएको छु ।

२.६ यता केही वर्षदेखि विकास खर्च यथार्थ मूल्यमा घट्दै गएको छ । यस्तो स्थिति हुन नदिन विकास खर्चमा क्रमशः वृद्धि गर्दै लाने लक्ष्य राखिएको छ । यसको निम्ति आर्थिक प्रतिफिल, आयोजना सम्पन्न हुने अवधिको निकटता, वैदेशिक सहायताको वाहुल्यता र राष्ट्रिय आवश्यकतालाई आधारमानी प्राथमिक कार्यक्रम निर्धारण गरिएको छ । नयां ठूला आयोजनाहरु आर्थिक विश्लेषण गरी प्रतिफलको आधारमा छनौट गर्ने प्रकृया अपनाइएको छ ।

२.७ विकास कार्यक्रमहरुको कार्यान्वयनमा तीव्रता ल्याउन रकमको बांडफांडमा प्राथमिकता दिनुको साथै कार्य तालिका बमोजिम निरन्तर रुपमा प्रगति अनुगमन गरिनेछ । अनुगमन प्रणालीलाई सुदृढ तथा प्रभावकारी बनाउन केन्द्रीय स्तरमा व्यवस्थापन सूचना केन्द्रको स्थापना गरिने छ । आयोजनाहरुको कार्यान्वयनमा परेका समस्याहरु तत्कालै निवारण गर्न एक उच्चस्तरीय समस्या निराकरण समिति गठन गरिएको छ । यी व्यवस्थाबाट आयोजनाहरुको कार्यान्वयनमा सुधार हुनुको साथै विदेशी सहयोगको उपयोग दरमा पनि वृद्धि हुने आशा गरेको छु ।

२.८ चालू तथा नयां आयोजनाहरुको विश्लेषणबाट कतिपय आयोजनाहरुमा केही अनावश्यक तवरले बढी डिजाइन भएको देखिएको छ भने केही बिढी अनुत्पादक खर्चहरु समावेश भएको पाइएको छ । यस्ता अनुत्पादक खर्चहरु हटाउने सिलसिलामा सल्लाहकार सेवा, गाडी, भवन निर्माण जस्ता खर्चहरु बजेट विनियोजन गर्दा कटौती गरिएको छ । यही नीति विदेशी सहायताबाट संचालित आयोजनाहरुमा पनि अपनाएको छु ।

२.९ मुद्रा प्रदायको विस्तार प्रचलित मूल्यमा राष्ट्रिय आयको वृद्धिदर भन्दा केही बढीसम्म मात्र कायम गर्न कर्जा सीमाको निर्धारण गरेर त्यसको प्रभावकारी अनुगमन गरिने छ । यस क्रममा बढी कर्जा निजी क्षेत्रमा प्रवाहित गराउन श्री ५ को सरकारलाई जाने कर्जा नियन्त्रण गर्नाको साथै संस्थानहरुलाई जाने कर्जाको अधिकतम सीमा निर्धारण गरिने छ । निजी क्षेत्रमा जाने कर्जाको अधिकतम अंश उत्पादन क्षेत्रमा प्रवाहित गराउन आवश्यक व्यवस्था मिलाइने छ ।

२.१० मैले अघि उल्लेख गरे भैं सार्वजनिक ऋण भुक्तानीको व्ययभार बढ्दै गएको हुनाले आन्तरिक तथा वाह्य व्यापारिक ऋण श्री ५ को सरकार स्वयं आफैंले लिन वा जमानतमा दिलाउनमा नियन्त्रण गरिने छ ।

२.११ पूंजी बजारको विकासद्वारा सर्वसाधारण नेपालीलाई लगानीको अवसर प्रदान गर्ने तथा प्रभावकारी ढंगबाट राष्ट्रिय बचत परिचालन गर्ने नीति अपनाइने छ । यसै क्रममा हाल सरकारी ऋण पत्रहरु जस्तै ट्रेजरी विल, विकास ऋण पत्र आदिमा दिई आएको व्याज दरमा पुनरावलोकन गरी प्रचलित व्याज दरसंग मेल खाने ढंगबाट क्रमशः सुधार गरिने छ । साथै सरकारी ऋण पत्रहरुको भुक्तानी अवधि पनि बचतकर्ताहरुको मागलाई ध्यानमा राखी निर्धारण गरिनेछ । व्याज दरको पुनरावलोकनबाट श्री ५ को सरकारलाई केही व्यय भार बढे तापनि यो कदमबाट पूंजी बजारको विकास गर्नमा ठूलो सघाउ पुग्न जाने विश्वास लिएको छु ।

२.१२ विकासको लागि बढ्दो साधनको आवश्यकता पूर्ति गर्न बैंकिंग क्षेत्रमा संकलित हुने निक्षेपको राशीमा वृद्धि गर्दै लैजानु नितान्त आवश्यक छ । यो उद्देश्य प्राप्तिका लागि वाणिज्य वैंकहरुको क्रियाकलाप छिटो, छरितो र ग्राहक उन्मुख बनाउने तर्फ सुधारात्मक कदमहरु चालिने छन् ।

२.१३ बैंकहरुको कर्जा उत्पादनशील तथा सेवा क्षेत्रमा प्रवाहित गर्ने तर्फ जोड दिइनेछ । न्यून आय र शिक्षित वेरोजगारहरुलाई रोजगारको अवसरहरु प्रदान गर्ने तर्फ बैंक कर्जा प्रवाहित गराउन भाव्यताको आधारमा उत्पादनशील र सेवा मूलक योजनाहरुको निम्ति सुलभ तरिकाबाट बैंक ऋण उपलब्ध गराउने व्यवस्था गरिने छ । यसको निमित्त श्री ५ को सरकारले वाणिज्य वैंकहरुलाई चाहिंदो सहयोग उपलब्ध गराउने छ ।

२.१४ आपूर्ति नियमित नहुनाले पनि मूल्यमा प्रतिकूल असर हुने भएकोले जनतालाई दैनिक आवश्यक पर्ने खाद्यान्न, चिनी, नुन, तेल, लत्ता कपडा, दाउरा, मट्टितेल आदि अत्यावश्यक वस्तुहरुको आपूर्ति नियमित गर्न श्री ५ को सरकार सक्रिय रहने छ । यस्ता वस्तुहरुको आपूर्ति तथा वितरणमा निजी क्षेत्रलाई पनि प्रात्साहित गरिनेछ ।

२.१५ सरकारी संस्थानहरुको शेयर निजी क्षेत्रलाई विक्री गर्दै लैजाने हालको नीतिको कार्यान्वयनमा तीव्रता ल्याइनेछ । सामाजिक कल्याणसंग सम्बन्धित संस्था बाहेक अन्य सबै संस्थानलाई आफ्नो सेवाको उचित तथा यथार्थवाही मूल्य निर्धारण गर्नमा बढी स्वायत्तता प्रदान गरिनेछ । संस्थानहरुको कार्य क्षमतामा वृद्धि ल्याउने तर्फ विशेष जोड दिइने छ ।

२.१६ केही वर्ष यतादेखि खाद्यान्न तथा अन्य केही वस्तुहरुको मूल्य नियन्त्रण गर्ने परिपाटीबाट श्री ५ को सरकारको दायित्वमा निकै वृद्धि भएको छ । यसरी धान्न नसक्ने स्थिति दोहरिन नदिन कुन अवस्थामा कुन कुन क्षेत्रहरुमा के कति अनुदान दिने भन्ने स्पष्ट नीति तर्जुमा गरेर मात्र अनुदान दिने कार्य नीति अपनाइनेछ । यसको लागि चाहिने रकम बजेटमा व्यवस्था गरिएको छ ।

२.१७ विकेन्द्रीकरणको प्रकृयालाई सुदृढ गराउंदै लैजान जिल्ला र गाउं स्तरको आयोजनाहरुको तर्जुमा, कार्यान्वयन तथा भार गर्ने कार्यहरुमा आवश्यक प्राविधिक तथा आर्थिक सहयोगको परिमाणमा क्रमशः वृद्धि गर्दै लैजाने नीति रहेको छ । यसमा संस्थागत विकासको निम्ति कार्यक्रम तर्जुमा र कार्यान्वयन राम्रो गर्ने तथा हिसाव किताव ठीकसंग राख्ने जिल्लाहरुलाई आर्थिक सहयोग प्रदान गर्दा ग्राह्यता दिने नीति श्री ५ को सरकारले अपनाउने छ ।

३.१ अब म आर्थिक वर्ष २०४२।०४३ को यथार्थ आय–व्यय विवरण र चालू वर्षको संशोधित आय–व्यय विवरण पेश गर्दछु ।

३.२ आर्थिक वर्ष २०४२।०४३ मा कूल रु. ९ अरब ७९ करोड ७१ लाख यथार्थ खर्च भएको छ । साधारण तर्फ यथार्थ खर्च भएको छ । साधारणतर्फ यथार्थ खर्च रु. ३ अरब ५८ करोड ४० लाख र विकास तर्फ यथार्थ खर्च रु. ६ अरब २१ करोड ३१ लाख भएको छ ।

३.३ आर्थिक वर्ष २०४२।०४३ मा राजस्व ४ अरव ६४ करोड ४५ लाख प्राप्त भएको छ । अनुदान सहायता रु. १ अरब १७ करोड २९ लाख र विदेशी ऋण रु. २ अरब ५० करोड ११ लाख प्राप्त भएको छ । यी साधनहरुबाट नपुग रकम मध्ये रु. ७ करोड ५३ लाख मौज्दात परिवर्तनबाट र रु. १ अरब ४० करोड ३४ लाख आन्तरिक ऋण उठाई न्यून पूर्ति भएको छ ।

३.४ चालू आर्थिक वर्षमा पूरक बजेट समेत गरी कूल खर्च रु. १३ अरब ७४ करोड ६० लाख हुने अनुमान भएकोमा रु. ११ अरब ८७ करोड २७ लाख खर्च हुने संशोधित अनुमान छ । यस मध्ये साधारण तर्फ रु.४ अरब ४४ करोड ६२ लाख खर्च हुने अनुमान भएकोमा रु. ४ अरब ३१ करोड ३७ लाख खर्च हुने संशोधित अनुमान छ । यस्तै विकास तर्फ जम्मा रु. ९ अरब २९ करोड ९८ लाख खर्च हुने अनुमान भएकोमा रु. ७ अरब ५५ करोड ९० लाख खर्च हुने संशोधित अनुमान छ ।

३.५ चालू वर्षमा पूरक बजेट समेत गरी राजस्वतर्फ रु. ५ अरब ९० करोड ४२ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु. ५ अरब ८१ करोड ५० लाख प्राप्त हुने संशोधित अनुमान छ । विदेशी सहायता अनुदान रु. २ अरब ३७ करोड ४३ लाख प्राप्त हुने अनुमान भएकोमा रु. १ अरब ४८ करोड ९२ लाख प्राप्त हुने संशोधित अनुमान छ । त्यस्तै विदेशी ऋण रु. ३ अरब ५६ करोड ३२ लाख प्राप्त हुने अनुमान भएकोमा रु. २ अरब ८४ करोड ७० लाख प्राप्त हुने संशोधित अनुमान छ । यसरी चालू आर्थिक वर्षमा हुने कूल न्यून रु. १ अरब ७२ करोड १५ लाख आन्तरिक ऋणबाट व्यहोरिने संशोधित अनुमान रहेको छ ।

४.१ अब म आगामी वर्षको अनुमानित साधारण खर्च तथा विकास नीति र कार्यक्रमको साथै यसको अनुमानित खर्चको विवरण संक्षेपमा पेश गर्दछु ।

४.२ चालू वर्ष कार्यक्रम बजेट प्रणालीलाई संस्थागत गर्ने क्रममा कृषि, सिंचाई तथा वनमा केही आयोजनाहरुको प्राविधिक तथा आर्थिक विश्लेषण गरिएको थियो । यसबाट साधनको बांडफांडको प्रकृयामा केही सुधार भएको थियो । आगामी आर्थिक वर्षको लागि पांच महत्वपूर्ण क्षेत्रहरु कृषि, सिंचाई, वन, यातायात तथा विद्युतका अधिकांश आयोजनाहरुमा यो अभ्यास गरिएको छ । यो अभ्यासबाट दुई प्रमुख उपलब्धी भएका छन्: (१) अर्थतन्त्रलाई गति प्रदान गर्न आवश्यक पर्ने कार्यक्रम तथा आयोजनाहरुको छनौट र (२) बजेट तर्जुमा गरिंदा निर्णयहरुको निमित्त आवश्यक आधारहरुको विकास, पहिलोले वृहत राष्ट्रिय नीति अनुरुप भविष्यमा के कस्ता कार्यक्रम तथा आयोजनाहरु लिनु उपयुक्त हुन्छ भन्ने कुरा स्पष्ट गरेको छ भने दोश्रोबाट बजेट प्रणालीलाई बैज्ञानिक तथा प्रभावकारी बनाउन अपनाउनु पर्ने आधारहरु स्पष्ट भएको छ ।

४.३ खर्चको अनुमान गर्दा केन्द्र र जिल्ला स्तरबाट संचालन हुने आयोजनाहरु र तिनका कार्यान्वयनको लागि लाग्ने खर्चहरु छुट्‌ट्याई विनियोजन गरिएको छ ।

४.४ साधारण बजेटको स्तर निर्धारण गर्दा मूल्य स्फीति र आर्थिक विकास वृद्धि दरलाई मुख्य आधार लिएको छु ।

४.५ विकास तर्फको खर्च विनियोजन गर्दा श्री ५ महाराजाधिराज सरकारबाट वक्स भएको निर्देशनहरु कार्यान्वयनको निमित्त र स्थापना भैसकेका पूर्वाधारहरुको अधिकतम उपयोगको लागि मरम्मत, संभार तथा संचालनको निम्ति प्राथमिकता दिएको छु । त्यस्तै उपलब्ध विदेशी सहायताको अधिकतम उपयोग र चालू आयोजनाहरुलाई समयमा सम्पन्न गराउने तर्फ पनि बढी ध्यान दिएको छु ।

४.६ आगामी वर्ष साधारण तर्फ रु. ४ अरब ९६ करोड १७ लाख र विकास तर्फ रु. १० अरब २२ करोड ६० लाख गरी जम्मा कूल खर्च रु. १५ अरब १८ करोड ७७ लाख प्रस्ताव गरेको छु ।

४.७ साधारण तर्फको कूल खर्च मध्ये संवैधानिक अंगहरुमा रु. ११ करोड ७४ लाख, प्रशासन, वैदेशिक सेवा र योजनामा रु. ९५ करोड ६३ लाख, न्याय प्रशासनमा रु. ७ करोड ५५ लाख, रक्षामा रु. ८१ करोड ७० लाख, सामाजिक सेवामा रु. ६० करोड ५१ लाख, आर्थिक सेवामा रु. ३४ करोड ९० लाख, ऋण लगानी तथा सांवा व्याजमा रु. १ अरब ५० करोड ८६ लाख र विविधमा रु. ५३ करोड २८ लाख विनियोजन गरेको छु ।

४.८ विकासको कूल खर्च मध्ये आर्थिक सेवाको लागि रु. ७ अरब १० करोड ५६ लाख, सामाजिक सेवाको लागि रु. २ अरब ९८ करोड ४५ लाख, प्रशासन तथा योजनाको लागि रु. ४ करोड ९ लाख र विविधमा रु. ९ करोड ५० लाख खर्च गर्ने प्रस्ताव गरेको छु ।

४.९ आधारभूत आवश्यकता परिपूर्ति गर्ने क्रममा खाद्यान्न उत्पादनमा निक्कै वृद्धि गर्नु पर्ने भएको छ । यसको निम्ति उपयुक्त प्रविधिको विकास एवं प्रयोग र सिंचाई सुविधाको विस्तार गर्नु अनिवार्य भएको छ । प्रविधि विकास एवं विस्तार गर्ने क्रममा कृषि अनुसन्धान व्यवस्थापनलाई बढी सुदृढ एवं प्रभावकारी बनाउने तर्फ जोड दिइएको छ । अनुसन्धान कार्यमा संलग्न रही आएका विभिन्न इकाईहरुलाई गाभी राष्ट्रिय कृषि अनुसन्धान समन्वय समितिको नीति निर्देशन एवं नियन्त्रणमा राष्ट्रिय कृषि अनुसन्धान तथा सेवा केन्द्रको माध्यमद्वारा अनुसन्धान कार्य संचालन गर्ने व्यवस्था गरिएको छ । कृषि फार्म तथा केन्द्रहरुको प्रभाव क्षेत्रभित्रका कृषकहरुलाई बाली परीक्षण, बाली संरक्षण, पशु प्रजनन, पशु स्वास्थ्य सेवा, तालिम जस्ता सेवाहरु पुऱ्याउने कार्यक्रम रहेको छ । विकसित प्रविधिहरु खास गरी उन्नत विउ, मल खादको प्रयोगप्रति कृषकहरुको अभिरुची बढाई कृषि उत्पादन कार्यक्रम प्रभावकारी रुपबाट संचालन गरिनेछ । विउ, मलखाद, औषधी, औजार आदिको विक्री वितरणमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ । कृषि क्षेत्रको लागि आवश्यक कर्जा उपलब्ध गराउन चाहिने रकमको व्यवस्था गरिएको छ । कृषि सामग्री खास गरी मलखाद, उन्नत विउ, पम्पसेट, पशु पंक्षी, माछा खेती आदिको निम्ति ऋण दिने प्रकृया सरल गरिने छ । पशु पालन व्यवसाय प्रति कृषकहरुलाई आकर्षित गर्न पशुधनको बीमा व्यवस्थाको थालनी गरिने छ । फार्म सिंचाईको निम्ति विनियोजित रकम उल्लेखनीय वृद्धि गरिएको छ । कृषि विकास कार्यक्रमको निम्ति कूल रु. ९१ करोड ८६ लाख खर्च विनियोजन गरिएको छ । यो रकम चालू वर्षको संशोधित अनुमान भन्दा १८ प्रतिशत बढी छ ।

४.१० कृषि उत्पादन वृद्धि गर्न सिंचाई विकास तथा विस्तारतर्फ आगामी वर्षमा थोरै लगानीबाट कृषकस्तरमा तत्काल सिंचाई सुविधा पुऱ्याउन सकिने खालका जन–सहभागिताबाट संचालित स–साना सिंचाई कार्यक्रमहरु, स्यालो ट्यूववेल तथा कृषक कुलोको विकास तथा सुधारमा जोड दिइएको छ । यसका अतिरिक्त सम्पन्न भएका वृहत सिंचाई आयोजनाहरुको अधिकतम उपयोगको निम्ति मर्मत तथा संभार तर्फ ध्यान दिइएको छ । साथै लक्षित समयमा लाभ प्राप्त गर्ने उद्देश्यले आगामी २ वर्षभित्र सम्पन्न हुने आयोजनाहरुको लागि पनि आवश्यक रकमको

व्यवस्था गरिएको छ । जलस्रोत मन्त्रालयबाट संचालन हुने सिंचाई विकास कार्यक्रमको निम्ति कूल खर्च रु. ८९ करोड २२ लाख हुने अनुमान गरिएको छ । यो चालू वर्षको संशोधित खर्चको दांजोमा ३२ प्रतिशत बढी हुन आउंछ ।

४.११ हाम्रो वन सम्पदाको बिग्रंदो स्थितिलाई नियन्त्रण गर्ने वन जंगल संरक्षणमा व्यापक जन चेतना जगाएर स्थानीय सहभागितामा विशेष जोड दिनु परेको छ । यसै क्रममा पंचायत वन संरक्षण समितिहरु गठन भएका छन् । तर वित्तीय स्रोतको अभावबाट यिनको प्रभावकारिता बढ्नु सकेको छैन । तसर्थ यी समितिहरु अन्तर्गत रहेका वनको वन पैदावार विक्रीबाट प्राप्त हुने आय सबै आफैंले प्रयोग गर्न सक्ने व्यवस्था आगमी वर्षदेखि गरिनेछ । त्यस्तै निजी वनलाई प्रोत्साहित गर्न निजी वनबाट उत्पादित वन पैदावारको विक्री वितरण आफैंले गर्न सक्ने स्पष्ट व्यवस्था मिलाइने छ । वृक्षारोपण तथा भूक्षय रोक्ने कार्यक्रमलाई विशेष जोड दिई प्रभावकारी ढंगबाट संचालन गरिनेछ । श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष समेतको सहभागितामा प्रकृति तथा प्राकृतिक सम्पदको संरक्षण र व्यवस्थापन क्षेत्रमा अनुसन्धान तथा अध्ययन कार्यहरु गरिने छन् । वन क्षेत्रको निमित्त रु. ५५ करोड ४९ लाख रकम छुट्याइएको छ । यो रकम चालू वर्षको संशोधित खर्चको तुलनामा ४३ प्रतिशत बढी छ ।

४.१२ विद्युत तर्फ आगामी वर्ष मर्स्याङ्गदी जल विद्युत आयोजनाको निमित्त पर्याप्त रकमको व्यवस्था गरेको छु । अब तीन वर्षभित्र यस आयोजनाबाट विद्युत उत्पादन भई वितरणको कार्य शुरु हुने छ । मर्स्याङ्गदी जल विद्युत आयोजनाको उत्पादनले विद्युतको बढ्दो मागलाई सम्वत् २०५० सम्म मात्र धान्न सक्ने देखिएको छ । त्यसपछिको विद्युतको मागको आपूर्तिको निमित्त अहिलेदेखिनै वृहत आयोजना तर्फ कार्य प्रारम्भ गर्नु पर्ने भएको छ । यिनै तथ्यलाई दृष्टिगत गरी सम्भाव्य आयोजनाहरु मध्ये अरुण तेस्रो आयोजना कम खर्चिलो भएकोले यसको कार्यान्वयनको लागि प्रारम्भिक कार्य शुरु गरिने छ । आयोजना स्थलमा यातायातको सुविधा पुऱ्याउनको निम्ति आगामी वर्ष सडक निर्माण गर्ने कार्यक्रम रहेको छ । चालू वर्ष बुटवल–नेपालगन्ज प्रसारण लाइन, दोस्रो कुलेखानी जल विद्युत आयोजना तथा केही साना जल विद्युत  आयोजनाहरु पूरा हुने छन् । विद्युत क्षेत्रको निमित जम्मा रु. १ अरब ६७ करोड ८३ लाख छुट्याइएको छ, जुन चालू वर्षको संशोधित अनुमान भन्दा १० प्रतिशतले बढी हुन आउंछ ।

४.१३ यातायात तर्फ हाल चालू रहेका महत्वपूर्ण आयोजनाहरुलाई समयमा नै पूरा गर्न तथा पूरा भएका आयोजनाहरुको मर्मत, संभार तथा सुधार गर्ने तर्फ बढी जोड दिइएको छ । सडक तर्फ महेन्द्र राजमार्ग–सुर्खेत तथा त्रिशुली–धुन्चे–सोमदाङ जस्ता ठूला आयोजनाहरुलाई आगामी वर्षभित्रै पूरा गर्ने दृष्टिकोणबाट रकम छुट्याइएको छ भने कोहलपुर–महाकाली, डडेल्धुरा–बैतडी–दार्चुला र इलाम–फिदिम–ताप्लेजुङ जस्ता राष्ट्रिय प्राथमिकता प्राप्त राजमार्गहरुको लागि आवश्यक रकमको व्यवस्था गरेको छु । साथै हाल चालुमा रहेका सडकको मर्मत तथा सुधारमा दिइएको छ । नौविसे–मुग्लिङ र महेन्द्र राजमार्ग पूर्वी खण्डमा सडक सुधार तथा नविकरण आयोजनाहरु संचालन गरिने छन् । यातायाततर्फ कूल बजमेट रु. १ अरब ५१ करोड ६७ लाखको व्यवस्था गरिएको छ । यो रकम चालू वर्षको संशोधित अनुमान भन्दा ११० प्रतिशत बढी छ ।

४.१४ हवाई यातायात सेवा तर्फ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवनको निर्माण समयमै पूरा गर्न आवश्यक रकम छुट्याइएको छ । साथै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र अन्य विमानस्थलहरुको गुणस्तर बढाउने कार्यक्रमहरुको संचालनमा ध्यान दिइएको छ । हवाई यातायात सेवाको लागि जम्मा रु. २० करोड ७ लाख छुट्याइएको छ  जुन चालू वर्षको तुलनामा ४१ प्रतिशत बढी छ । यसको अतिरिक्त पर्यटन उद्योग विकासको निम्ति रु. १२ करोड ३२ लाख छुट्याएको छु । यो रकम संशोधित अनुमान भन्दा २९ प्रतिशत बढी छ ।

४.१५ संचारको लागि रु. ३२ करोड ५२ लाख रकमको विनियोजन गरेको छु जुन चालू वर्षको संशोधित अनुमानको दांजोमा १६२ प्रतिशत बढी छ । यस क्षेत्रमा अधिराज्यका विभिन्न स्थानहरुमा टेलिफोन लाइन विस्तार, ग्रामीण दूर संचार आयोजना, हुलाक सेवा विस्तार जस्ता कार्यक्रमहरु राखिएका छन् ।

४.१६ देशमा रोजगारीको अवसरहरु वृद्धि गर्न र आधारभूत आवश्यकता आपूर्ति गर्न उद्योगहरुको स्थापना तथा विकासको निम्ति अनुकूल वातावरण सिर्जना गर्नमा जोड दिइने छ । यस सन्दर्भमा औद्योगिकीकरण लाई व्यवहारिक तथा दरिलो बनाउन कृषि, वन तथा खनिजमा आधारित उद्योगहरु र स्थानीय स्रोतमा आधारित रोजगारी मूलक साना तथा घरेलु उद्योगहरुलाई विशेष रुपले प्रोत्साहित गरिने छ । साथै विभिन्न उद्योगहरुले हाल पाइरहेको विभिन्न किसिमको संरक्षणलाई अन्त्यगरी सकेसम्म एकै किसिमको संरक्षण प्रदान गर्ने नीति अपनाइने छ । यसबाट देशको लगानी बढी लाभ दिने क्षेत्रमा प्रवाहित हुन मद्दत मिल्नेक छ भन्ने मेरो धारणा छ । यसै क्रममा वर्तमान औद्योगिक नीतिलाई पुनरावलोकन गरी एक समयानुकूल औद्योगिक नीतिको तर्जुमा गरिएको छ र यसलाई चांडैनै लागू गरिने छ । आगामी वर्ष उदयपुर सिमेण्ट र नेपालगन्ज कागज कारखानाहरु स्थापनाको निमित्त प्रारम्भिक कार्य शुरु गरिने छ । निजी क्षेत्रमा घरेलु तथा साना उद्योगहरुको विकास र प्रवर्द्धन गर्नको निम्ति कर्जा, तालीम र संस्थागत आधारहरु पुऱ्याउने कार्यक्रमहरु चालू रहनेछन् । घरेलु तथा साना उद्योग आयोजनाहरुलाई प्रभावकारी ढंगबाट संचालन गरिने छ । पेट्रोलियम तथा अन्य खनिज अन्वेषण कार्यहरु जारी राखिने छ । उद्योग तथा खानी क्षेत्रको निम्ति रु. ५२ करोड ९० लाख रकम छुट्याइएको छ जुन चालू वर्षको संशोधित अनुमानको दांजोमा ६१ प्रतिशतले बढी छ ।

४.१७ प्रोत्साहन र प्रतिस्पर्धाको आधारमा जन–सहभागितालाई परिचालन गरी शिक्षाको गुणस्तर वृद्धि गर्ने श्री ५ को सरकारको नीतिलाई व्यापक बनाइने छ । देशमा साक्षरताको दर वृद्दि गर्न प्राथमिक शिक्षामा विद्यार्थीहरुको भर्ना दर वृद्धि गर्ने र बीचमा पढाई छोड्नेहरुको संख्यामा कम गर्ने तर्फ विशेष ध्यान दिइनेछ । प्राविधिक शिक्षामा विशेमष जोड दिइएको छ । शिक्षातर्फका कार्यक्रमहरुको लागि प्राथमिक शिक्षामा रु. ६९ करोड ६२ लाख, प्राविधिक शिक्षामा रु. १० करोड ३८ लाख, उच्च शिक्षाको निम्ति रु. ३७ करोड ९७ लाख र अन्य कार्यक्रमहरुको निम्ति रु. १४ करोड ८६ लाख छुट्याइएको छ । शिक्षातर्फ कूल बजट रु. १ अरब ३२ करोड ८३ लाख प्रस्ताव गरेको छु जुन चालू वर्षको संशोधित खर्चको दांजोमा ३० प्रतिशतले वृद्धि भएको छ ।

४.१८ विक्रम सम्वत् २०५७ सम्ममा न्यूनतम स्वास्थ्य सेवा पु¥याउने नीति अनुरुप प्राथमिक उपचार सुविधा उपलव्ध गराउन स्वास्थ्य केन्द्रहरुमा पर्याप्त औषधीहरु उपलव्ध गराउने व्यवस्था गरिएको छ । अस्पताल तथा स्वास्थ्य केन्द्रहरुको भौतिक सुविधार विस्तार र औषधीको निम्ति आवश्यक रकमको व्यवस्था गरिएको छ । परिवार नियोजन, एकिकृत सामुदायिक स्वास्थ्य, औलो उन्मूलन, विस्तारित खोप खादि कार्यक्रमहरुको लागि चाहिने रकमको व्यवस्था गरिएको छ । स्वास्थ्यतर्फ कूल बजेट रु. ५८ करोड ३३ लाख रकम विनियोजन गरिएको छ । यो रकम चालू वर्षको संशोधित दांजोमा ११० प्रति बढी छ ।

४.१९ खानेपानी तर्फ शहरी क्षेत्रमा खानेपानी तथा ढल निकास कार्यक्रमको लागि ६ करोड ७० लाख छुट्याइएको छ भने ग्रामीण क्षेत्रको निमित्त खानेपानी कार्यक्रमको लागि रु. २६ करोड २१ लाखको व्यवस्था गरेको छु । यो रकम चालू वर्षको संशोधित खर्चको दांजोमा १२ प्रतिशतले बढी छ । यो रकममा पंचायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत संचालित खानेपानी कार्यक्रम समावेश छैन ।

४.२० जिल्ला जिल्लामा संचालन हुने विकास कार्यक्रमहरुबाट सर्वसाधारण ग्रामीण जनताले प्रत्यक्ष लाभ प्राप्त गर्न सक्ने गरी सिंचाई, खानेपानी, झोलुङ्गेपुल, घोडेटो तथा गोरेटो आदि कार्यक्रमहरु कार्यान्वयनको निम्ति आवश्यक रकम छुट्याएको छु । एकिकृत ग्रामीण विकास कार्यक्रमहरु दुर्गम क्षेत्र विकास कार्यक्रम तथा महिला विकास कार्याक्रमहरुलाई अझ बढी प्रभावकारी ढंगले संचालन गर्न चाहिने रकमको व्यवस्था गरिएको छ । यी कार्यक्रमहरुको लागि पंचायत तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत रु. ५८ करोड ७९ लाखको बजेट व्यवस्था गरिएको छ जुन चालू वर्षको संशोधित अनुमानको दांजोमा ३५ प्रतिशतले वृद्धि भएको छ ।

४.२१ वि.सं. २०५७ सम्ममा सर्वसाधारण नेपालीको आधारभूत आवश्यकताहरु जस्तै खाद्यान्न, लत्ता कपडा, आवास परिपूर्ति गर्न राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट आव्हान गरिबक्से बमोजिम आधारभूत आवश्यकताका वस्तुहरुको उत्पादन र उपलव्धी बढाउने कार्यक्रममा वैंकिग क्षेत्रको संलग्नता बढाइने छ । निरपेक्ष गरिबीको रेखामुनी रहेका नेपाली जनताको जीवनस्तर र रहन–सहनमा सुधार ल्याउन सघन बैंकिग कार्यक्रम, साना किसान विकास आयोजना र ग्रामीण महिला विकास कार्यक्रमलाई सुनियोजित र व्यापक रुपबाट अगाडि बढाउने कार्यक्रम रहेको छ ।

४.२२ हालसम्मको मौसमको स्थिति हेर्दा आगामी वर्ष पनि अधिराज्यको केही क्षेत्रमा खाद्यान्नको उत्पादनमा प्रतिकूल असर पर्ने लक्षण देखिएकोले यस किसिमको अप्रत्याशित अवस्था परेमा त्यस्तो स्थितिको सामना गर्न श्री ५ को सरकारले खाद्यान्न उपलव्धिको निम्ति खाद्यान्न उत्पादनको विशेष योजना तर्जुमा गरिरहेको छ । यी कार्यको लागि केही रकमको व्यवस्था गरेको छु ।

४.२३ देशको बढ्दो व्यापार घाटा हाम्रो निम्ति ठूलो चिन्ताको विषय भएको छ । निर्यातलाई प्रोत्साहन दिन निर्यात प्रकृयामा सरलीकरण गर्नुको अतिरक्त केही निर्यात योग्य वस्तुहरुको निम्ति इजाजत पत्र नचाहिने व्यवस्था गरिसकेको छ । यस क्रममा चांदीका गहना र चांदीका कलात्मक शिल्पकला वस्तुहरुको निर्यात वृद्धि गर्न चांदी पैठारी गरी देशका कालीगढहरुलाई उपलव्ध गराउने व्यवस्था आगामी आर्थिक वर्षदेखि गरिने छ । हाम्रा निर्यातयोग्य वस्तुहरु अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सकुन भन्ने उद्देश्यले ड्यूटी रिफण्ड, अग्रिम करमुक्ति तथा वण्डेड गोदाम जस्ता व्यवस्था प्रभावकारी रुपले लागू गर्नुको सार्थ निर्यातमा लाग्ने खर्च कम गर्न आवश्यक कदमहरु चालिने छन् ।

४.२४ आयाततर्फ पनि जुन देशबाट आयात गर्दा राष्ट्रिय अर्थ व्यवस्थालाई बढी लाभ हुन्छ त्यहीबाट आयात गर्न प्रोत्साहित गर्ने उद्देश्यले भन्सार दरवन्दीमा गर्न लागेको सुधारबाट सघाउ पुग्ने आशा राखेको छु । आयातमा श्री ५ को सरकारले अपनार्य आएका उदार नीतिलाई अझ व्यापक गरिने छ । आयात लाइसेन्स वितरणमा अपनाइएको बोल कबोल प्रणालीलाई कायमै राखिएको छ । यसबाट श्री ५ को सरकारलाई राजस्व संकलनमा सघाउ पुग्नुको साथै आयात व्यवस्था धेरै उदार हुन गएको छ ।

४.२५ मैले माथि उल्लेख गरेका कार्यक्रमहरु मध्ये केन्द्रीयस्तरबाट संचालित हुने कार्यक्रमको निमित्त रु. ८ लाख १६ करोड २० लाख छुट्याइएको छ भने जिल्लास्तरबाट संचालित कार्यक्रमहरुको निमित्त रु. २ अरब ६ करोड ४० लाख विनियोजन गरिएको छ ।

४.२६ यसरी साधारण र विकास गरी जम्मा खर्च रु. १५ अरब १८ करोड ७७ लाख मध्ये राजस्वको वर्तमान श्रोतबाट जम्मा रु. ६ अरब ८५ करोड १२ लाख र वैदेशिक सहायता अनुदान तथा ऋण गरी जम्मा रु. ६ अरब ६० करोड २० लाख व्यहोर्ने भई रु. १ अरब ७३ करोड ४५ लाख न्यून हुने छ ।

५.१ अब म राजस्व सम्बन्धी प्रस्तावहरु पेश गर्दछु ।

५.२ हाम्रो वर्तमान कर प्रणालीमा लोचता कम रहेकोले साधन जुटाउन करहरुको दरमा नै वृद्धि गर्नु पर्ने वाध्यता वारे मैले अघिनै उल्लेख गरी सकेको छु । करहरुको लोचता यथासंभव बढाउन करका दरहरु मूल्यका आधारमा निर्धारण गर्ने, राजस्व प्रशासन सुदृढ गरी करको दायरा फैलाउने र कर प्रणालीलाई सरलीकरण गर्ने तर्फनै ध्यान दिएको छु ।

५.३ पहिले प्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.४ प्रत्यक्ष कर तर्फ करको दरवन्दीहरुमा हेरफेर गर्नु भन्दा कर प्रशासनलाई सुदृढ गरी बढी राजस्व संकलन गर्न सकिन्छ भन्ने मेरो धारणा छ । चालू वर्षमा भएको राजस्व संकलनले पनि यसलाई पुष्टी गरेको छ ।

५.५ हाल वैंकहरुमा राखिएको मुद्दती निक्षेपको व्याजबाट हुने आएमा अधिकतम २० प्रतिशतसम्म अग्रिम कट्टा गर्ने व्यवस्था गरिएकोमा यसबाट वैंकहरुलाई लेखा राख्न कठिनाई भयो भन्ने गुनासो गरेकोले आगामी वर्षदेखि वार्षिक रु. ५,०००।– सम्म व्याज आयमा अग्रिम कट्टा गर्न नपर्ने गरी त्यसभन्दा बढी रकममा समदरले ५% अग्रिम कट्टा गर्नु पर्ने गरेको छु । कुनै करदाताको यसरी अग्रिम आय कर दाखिला भएकोमा पछि निजको कर निर्धारण हुंदा लागेको रकम घटी भई फिर्ता दिनु परेमा केही हदरसम्मको रकम सम्बन्धित कर कार्यालयबाटै फिर्ता दिने व्यवस्था गरिनेछ ।

५.६ कर्पोरेट आयकर लाग्ने कम्पनी तथा संस्थाहरुले लाभांश वितरण गर्दाकै अवस्थामा लाभांश आयकर वापत २० प्रतिशत अग्रिम कट्टा गर्नु पर्ने व्यवस्था रहेकोमा आगामी आर्थिक वर्षदेखि अग्रिम कर कट्टा गर्नु पर्नु व्यवस्था खारेज गरिएको छ ।

५.७ आयकर सम्बन्धी अरु व्यवस्था यथावत कायमनै राखिएको छ ।

५.८ पन्चायत विकास तथा जग्गाकर आन्तरिक साधन परिचालन गर्ने एक सशक्त माध्यम हो । विकेन्द्रीकरण सम्बन्धमा व्यवस्था गरिएको ऐनले स्थानीय विकासको लागि स्थानीय पन्चायतहरुलाई पन्चायत विकास तथा जग्गाकर एक प्रमुख आर्थिक स्रोतको रुपमा प्रदान गरेको छ । यो व्यवस्थाबाट यथापि श्री ५ को सरकारलाई प्राप्त हुने रकम घट्न जाने भए तापनि स्थानीय पन्चायतहरुको लागि उल्लेखनीय रकम उपलव्ध हुन जान्छ । यस तथ्यलाई दृष्टिगत गरी अधिराज्यको गाउं वा नगर पन्चायतलाई विकेन्द्रीकरण ऐन बमोजिम पन्चायत विकास तथा जग्गाकर उठाउन श्री ५ को सरकार प्रोत्साहित गर्दछ ।

५.९ घर जग्गा बेच बिखन गर्दाको रजिष्ट्रेशन दस्तुर र तिनपुस्ता बाहिरकालाई हालैदेखिको वक्सपत्र गर्दाको रजिष्ट्रेशन दस्तुर समान छ । तर राजिनामा गर्दा हकसफीको संभावना रहने भएकोले खरीद विक्रीको वास्तविक मूल्य राख्ने गरेको छ तर वक्स पत्रमा भने हकसाफी गर्न नपाउने हुंदा न्यूनतम मूल्य मात्र राख्ने गरेका छन् । यसरी खरीद विक्री भएकोमा पनि वकसपत्र गर्नेतर्फ झुकाव भएको छ । वास्तवमा वकसपत्रमा राजिनामामा भन्दा बढी दस्तु लाग्नु सामाजिक न्यायको दृष्टिले पनि उचित हुन्छ । यसकारण आगामी आर्थिक वर्षदेखि तीनपुस्ता बाहिरकालाई हालैदेखिको वक्सपत्र गर्दा देहाय बमोजिम रजिष्ट्रेशन दस्तुर लाग्ने व्यवस्था गरिएको छ ।

| | शहरी क्षेत्रको लागि | अन्य क्षेत्रको लागि |
|---|---|---|
| (क) रु. २,०००।– सम्मको थैलीमा | २००।– | १५०।– |
| (ख) रु. २,०००।– देखि माथि रु. ५,०००।– सम्मको थैलीमा | ५००।– | ४००।– |
| (ग) रु. ५,०००।– देखि माथि जतिसुकै थैलीमा | १५ प्रतिशत | १० प्रतिशत |

५.१० अंश वण्डा, अंश बुझेको भर्पाई, मानु छुट्टिएको वा मानु जोडिएको, अधिकारपत्र, धर्मपुत्र, शेषपछिको वकसपत्र, वन्धकको तमसुक लिखत वाहेक वेजिल्लाको घर जग्गा, अन्य किसिमको लिखतहरुलाई वेजिल्लामा पारित गर्ने परिपाटीलाई अझै निरुत्साहित गर्न हाल ७ प्रतिशत लागी आएको दरलाई बढाई आगामी आर्थिक वर्षदेखि १० प्रतिशतका दरले लिने व्यवस्था गरिएको छ ।

५.११ अंश वण्डाको प्रचलित रजिष्ट्रशन दस्तुरलाई घटाई आगामी आर्थिक वर्षदेखि देहाय बमोजिम रजिष्ट्रशन दस्तुर लाग्ने व्यवस्था गरिएको छ :–

| | |
|---|---|
| (क) रु. ५०,०००।– सम्मको विगोमा | रु. ५०।– |
| (ख) रु. ५०,००१।– देखि ५,००,०००।– सम्मको विगोमा | रु. ५००।– |
| (ग) रु. ५,००,००१।– देखि १०,००,०००।– सम्मको विगोमा | रु.१,०००।– |
| (घ) रु. १०,००,००१।– देखि २०,००,०००।– सम्मको विगोमा | रु. २,०००।– |
| (ङ) रु. २०,००,०००।– देखि माथिको जतिसुकै विगोमा | रु..३,०००।– |

५.१२ कुनै दुई थरी संधियारले नक्लाबन्दीको लागि बराबर जग्गा सट्टा पट्टाको लिखत रजिष्ट्रेशन गर्न चाहेमा त्यस्तो लिखत रजिष्ट्रेशनमा प्रचलित रजिष्ट्रेशन दस्तुर नलिई आगामी आर्थिक वर्षदेखि शहरी क्षेत्रको जग्गामा भए रु. ५००।– र अन्य क्षेत्रमा भए रु. ५०।– एक मुष्ट रजिष्ट्रेशन दस्तुर लिई रजिष्ट्रेशन पारित गर्ने व्यवस्था गरिने छ ।

५.१३ कार्यालयलाई घर बोलाई रजिष्ट्रेशन गर्नेमा घरमा बोलाए वापत आगामी आर्थिक वर्षदेखि थप दस्तुर रु. १,०००।– लाग्ने व्यवस्था गरिएको छ ।

५.१४ उपर्युक्त व्यवस्थाबाट थप रु. ५ करोड राजस्व संकलन हुने अनुमान छ ।

५.१५ माथि उल्लेख गरेका परिवर्तनहरु बाहेक मालपोत, भूमिकर, रजिष्ट्रेशन दस्तुरको दर सम्बन्धमा हाल रहेको व्यवस्था यथावतनै कायम राखिएको छ ।

५.१६ सवारी साधन कर तर्फ हाल लागी आएको सवारी साधन करमा निम्न बमोजिमको कर दर परिवर्तन गरी आगामी वर्षदेखि असूल गरिने छ ।

| | करको दर | |
|---|---|---|
| सवारीको किसिम | निजी | भाडा |
| (क) कार, जीप र भ्यान (१२०० सि.सि. सम्म) | वार्षिक रु. ४५०।– | वार्षिक रु. ६२०।– |
| (ख) १३०० सि.सि. देखि २००० सि.सि.सम्म | ,, रु. ६५०।– | ,, रु. ९५०।– |
| (ग) २००१ सि.सि. देखि २९०० सि.सि.सम्म | ,, रु. १०५०।– | ,, रु. १३५०।– |
| (घ) २९०१ सि.सि. देखि माथि | ,, रु. १५००।– | ,, रु. १८००।– |

डिजेलबाट चल्ने निजी कार, जीप, भ्यानमा माथि उल्लेखित सवारी साधन करको साथै देहाय बमोजिम अतिरिक्त सवारी साधन कर लगाइएको छ ।

| | | |
|---|---|---|
| (क) १३०० सि.सि. सम्मकोमा | अतिरिक्त कर | रु. १,०००।– |
| (ख) १३०१ सि.सी. देखि २००० सि.सि. सम्म | ,, | रु. १,५००।– |
| (ग) २००१ सि.सि. देखि २९०० सि.सि. सम्म | ,, | रु. २,०००।– |
| (घ) २९०१ सि.सि. देखि माथिका | ,, | रु. ३,०००।– |

५.१७ अरु सवारी साधन करको व्यवस्था यथावत राखिएको छ । यस परिवर्तनबाट रु. २५ लाख थप राजस्व संकलन हुने अनुमान छ ।

५.१८ हवाई उडानतर्फ आगामी वर्षदेखि आन्तरिक उठान कर दर यथावत कायम राखी अन्तर्राष्ट्रिय हवाई उडानकर प्रति यात्रु रु. २००।– दर कायम गरिएको छ ।

५.१९ उडान कर सम्बन्धी अरु व्यवस्था यथावत कायम रहने छ । उपर्युक्त परिवर्तनबाट थप रु. १ करोड ५० लाख राजस्व संकलन हुने अनुमान छ ।

५.२० शहरी क्षेत्रमा लागी आएको घर जग्गा करको दायरा फराकिलो गरिने छ । यसबाट थप रु. ५० लाख राजस्व संकलन हुने अनुमान छ ।

५.२१ अब म अप्रत्यक्ष कर सम्बन्धी प्रस्ताव पेश गर्दछु ।

५.२२ हाल कायम रहेको भंसार दरवन्दीमा पैठारी तर्फ ३०० भन्दा बढी दरहरु छन् साथै यी दरहरु १ प्रतिशतदेखि लिएर ४५० प्रतिशतसम्म रहेको छ । कतिपय वस्तुहरुमा तैयारी मालमा भन्दा कच्चा मालमा बढी भंसार महसूल लाग्ने गरेको छ । यसो हुनुमा कहिले राजस्व वृद्धि गर्ने दृष्टिकोण, कहिले भारतबाट नेपालमा पैठारी भएको वस्तुहरुमा लागेको भारतीय अन्तःशुल्क फिर्ता लिने उद्देश्यले, कहिले चोरी निकासी निरुत्साहित गर्ने इत्यादि दृष्टिकोणले भंसार महसूल दरवन्दीमा हेरफेर गर्ने गरिएकोले हो । यस बाहेक पैठारी हुने वस्तुहरुमा विक्रीकरको लागि विभन्न दरमा मार्कअप गर्ने व्यवस्था भएको र आयात इजाजतपत्र दस्तुरमा पनि विभिन्नता भएकाले पैठारीमा वास्तविक कर कति लागेको छ भन्ने एकिन गर्न पनि कठिनाई छ । यिनै तथ्यहरुलाई दृष्टिगत गरी भंसार दरवन्दीमा सुधार र सरलीकरण गरिएको छ जसको मुख्य मुख्य बुंदा वारे संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

(क) हाल पैठारी भंसार दरवन्दीमा विभिन्न दरहरु भएकोमा केही वस्तुहरुलाई छोडी जम्मा दश दरहरु मात्र कायम गरिएको छ ।

(ख) दरवन्दी मिलान गर्दा कुनै वस्तुहरुले प्राप्त गरिरहेको अत्यधिक संरक्षण घटाइएको छ भने कुनै वस्तुहरुलाई नकारात्मक संरक्षण हुने गरेकोमा संरक्षण हुने गरी मिलाइएको छ ।

(ग) सबै मुलुकहरुको लागि एउटै साधारण भंसार महसूल दरवन्दी लाग्ने व्यवस्था गरिएको छ ।

(घ) नेपालमा उत्पादित वस्तुहरुलाई संरक्षण नघटोस् भन्ने हेतुले नेपालमा उत्पादित हुने वस्तुहरुमा जति अन्तःशुल्क लाग्ने हो त्यति नै दरले आयात हुने वस्तुहरुमा पनि अन्तःशुल्क बराबर थप शुल्क लाग्ने व्यवस्था गरिएको छ ।

(ङ) परिवर्त्य मुद्रा तिरी आयात हुने वस्तुहरुमा हाल विक्रीकरमा विभिन्न दरले मार्क अप गर्ने, आयात इजाजत दस्तुर उठाउने जस्ता भंसार दरवन्दी वाहेक लाग्ने गरेका कर दस्तुरहरुलाई एकत्रित गरी अतिरिक्त महसूल लाग्ने व्यवस्था गरिएको छ ।

(च) भंसार दरवन्दी मिलान गर्दा साधारणतया केही कृषिजन्य कचा पदार्थमा माफी गरिएको छ भने आवश्यक वस्तुहरुमा तथा कच्चा पदार्थ तथा पूंजीगत मेशिनरीहरुको आयातमा ५ प्रतिशत मात्र लाग्ने गरिउको छ । त्यस्तै अर्ध प्रशोधित वस्तुहरुमा १० प्रतिशत, पूर्ण प्रशोधितमा १५ प्रतिशत उपभोग्य वस्तुहरुमा २०,२५ र ३० प्रतिशतसम्म लाग्ने गरिएको छ । तर विलासिताका सामानहरुमा भने वस्तु हेरी ५०,७० र १०० प्रतिशत लाग्ने गरिएको छ । केही वस्तुहरु जस्तो रक्सी, चुरोट, भिडिओ डेक इत्यादिमा १०० प्रतिशत भन्दा बढी लाग्ने गरिएको छ ।

(छ) परिवर्त्य मुद्रा तिरी आयात हुने वस्तुहरुमा अतिरिक्त महसूलको दरवन्दी कायम गर्दा ५% र १०% साधारण पैठारी महसूल लाग्ने वस्तुमा २५%, १५% र २०% साधारण पैठारी महसूल लाग्ने वस्तुहरुमा ३५%, २५% र ३०% साधारण पैठारी महसूल लाग्ने वस्तुहरुमा ४५%, ५०% र सो भन्दा बढी साधारण भन्सार महसूल लाग्नेमा ५५% र कृत्रिम रेशाबाट बनेको कपडा र तयारी पोशाकमा १०० प्रतिशत अतिरिक्त महसूल लाग्ने व्यवस्था गरिएको छ ।

५.२३ संशोधित भंसार महसूल दरहरु अनुसुचि १,२,३ र ४ मा दिइएको छ । यी दरहरु आजैदेखि लागू हुने छन् । उपयुक्त परिवर्तनहरुबाट भंसार महसूल रु. ३१ करोड थप संकलन हुने अनुमान छ ।

५.२४ अब म आजैदेखि लागू हुने गरी अन्तःशुल्क सम्बन्धी प्रस्तावहरु पेश गर्दछु ।

५.२५ केन्द्रीय टेरिफ वोर्डको सुझाव अनुसार मैदामा लागी आएको अन्तःशुल्क खारेज गरेको छु । त्यस्तै न्यूनतम आधारभूत आवश्यकताभित्र समावेश गरिएका सबै किसिमको हवाई चप्पल र जुत्तामा लागी आएको अन्तःशुल्क पनि हटाइएको छ । तर चुरोट, साबुन र वनस्पती घ्यू जस्ता केही वस्तुहरुमा अन्तःशुल्क दर केही बढाइएको छ ।

५.२६ संशोधित अन्तःशुल्कको दरवन्दी अनुसूचि ५ मा दिइएको छ । उपर्युक्त परिवर्तनबाट रु. ६ करोड ५५ लाख थप राजस्व संकलन हुने अनुमान छ ।

५.२७ हालसम्म विदेशबाट पैठारी हुने मालसामानमा मालसामानको मूल्यमा भंसार महसूल जोडी हुने रकममा विभिन्न प्रतिशतले मार्कअप गरी विक्रीकर लगाई आएकोमा आजैदेखि सो व्यवस्था खारेज गरिएको छ । विक्रीकर करको दर ४ वटा मात्र कायम भैरहेकोमा केही वस्तुहरुमा लागेको विक्रीकरको दर फरक परेकोले मिलान गरिएको छ ।

५.२८ संशोधित विक्रीकरका दरहरु अनुसूचि ६ मा दिइएका छन् । उपर्युक्त परिवर्तनहरुबाट रु. ४ करोड ५० लाख राजस्व संकलन हुने अनुमान छ ।

५.२९ यसमा उल्लेखित परिवर्तनहरु वाहेक विक्रीकर सम्बन्धी अन्य व्यवस्था याथावत कायम राखिएको छ ।

५.३० सवारी साधनमा प्रयोग हुने हाईस्पीड डिजेल र पेट्रोल जस्ता इन्धनमा पैठारीको अवस्थामा हाल प्रति लिटर –।१० पैसा लागी आएकोमा आजैदेखि –।२० प्रसा प्रति लिटरको दरले सडक पूल संभार कर लगाई असूल गरिने छ । यस परिवर्तनबाट रु. १ करोड थप राजस्व प्राप्त हुने अनुमान छ ।

५.३१ आगामी आर्थिक वर्षदेखि साधारण चित्र देखिने टेलिभिजनमा वार्षिक रु. १०० र रंगिन चित्र देखिने टेलिभिजनमा वार्षिक रु. ३००।– का दरले दस्तुर लगाइने छ । यसबाट रु. १५ लाख राजस्व संकलन हुने अनुमान छ ।

५.३२ माथि उल्लेखित कर परिवर्तनहरु बाहेक अरु करहरु यथावत कायमै राखिएको छ ।

५.३३ मैले आगामी आर्थिक वर्ष २०४४।४५ को आय व्यय विवरण पेश गर्दा जम्मा रु. १ अरब ७३ करोड ४५ लाख न्यून हुने उल्लेख गरेको थिएं। त्यसमध्ये कर परिवर्तनबाट रु. ५० करोड ४५ लाख प्राप्त हुने भै अब रु. १ अरब २३ करोड नपुग रहने हुन आउंछ। यसलाई गैह्र बैंकिंग क्षेत्रबाट रु. ४३ करोड र बैंकिंग क्षेत्रबाट रु. ८० करोड आन्तरिक ऋण उठाई पूर्ति गरिने छ।

६.१ प्रस्तुत बजेटमा प्रतिपादित नीति, कार्यक्रम र कर प्रस्तावहरु देशमा आधारभूत आवश्यकता परिपूर्ति गर्नेतर्फ गहकिलो कदम हुनुको साथै यसबाट हाम्रो अर्थ व्यवस्थामा अझ बढी स्थायित्व आई विकासमा गतिशिलता आउने छ भन्ने विश्वास लिएको छु।

६.२ आर्थिक विकासको लागि वैदेशिक सहयोगको भूमिका महत्वपूर्ण रही आएको छ। यस सन्दर्भमा माननीय सदस्यहरुलाई गत वैशाख महिनामा पेरिसमा सम्पन्न भएको नेपाल सहायता समूहको सातौं बैठकको नतिजा बारे अवगत गराउन चाहन्छु। उक्त बैठकमा नेपाल सहायता समूहका सबै सदस्य राष्ट्रहरु तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुले नेपालले अपनाई आएको आर्थिक नीति तथा कार्यक्रमको हार्दिक समर्थन तथा सराहना गर्नुका साथै नेपालको लागि अघिल्लो बैठकको दांजोमा झण्डै ८६ प्रतिशतले बढी रकम सहयोग स्वरुप प्रदान गर्न स्वीकृत गरेका छन्। सोही बैठकमा उदयपुर सिमेण्ट कारखाना जस्तो ठूलो उद्योग स्थापनाको लागि विदेशी सहयोग जुटाउन सफलता मिलेको छ भने ४०० मेगावाट क्षमताको अरुण तेस्रो जल विद्युत आयोजनाको कार्यान्वयनको लागि आवश्यक वित्तीय साधन जुटाउने कार्यमा पनि प्रगति भएको छ।

६.३ हाम्रा मित्रराष्ट्रहरु र अन्तर्राष्ट्रिय संघ संस्थाहरुले हामीले अवलम्बन गरेको समायोजन कार्यक्रमको सफल कार्यान्वयनको लागि कार्यक्रम सहायता दिन समेत विशेष अभिरुची र उत्साह प्रदर्शन गरेका छन्। यो उपलब्धी नेपालले अपनाएको सफल असंलग्न परराष्ट्र नीति तथा आर्थिक क्षेत्रमा लिइएका कदमहरु प्रतिको व्यापाक समर्थनको द्योतक हो भन्ने मेरो धारणा छ। यस अवसरमा हाम्रो विकास कार्यमा निरन्तर सहयोग प्रदान गर्दै आएका मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरु प्रति श्री ५ को सरकारको तर्फबाट आभार व्यक्त गर्न चाहन्छु।

६.४ नेपाली जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने हाम्रो वचनवद्धता र विकास प्रतिको कटिवद्धतामा हाम्रा मित्रराष्ट्रहरु तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुले प्रदर्शन गरेको बढ्दो अभिरुचीबाट ठूलो परिमाणमा विदेशी सहयोग जुटाउन सकिन्छ भन्ने कुरामा म विश्वस्त छु। यो संभावित वृहत वाह्य साधन उपयोग गर्नको लागि हाम्रो आयोजनाहरुको कार्यान्वयन क्षमतामा ठूलो वृद्धि गर्नु नितान्त आवश्यक भएको छ।

६.५ श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय विकास परिषद्को १२ औं बैठकमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनलाई आपसमा एक अर्कासंग जोडी निरन्तर संचालन गर्दै लैजाने निर्देशन वक्स भए अनुरुप श्री ५ को सरकारले उक्त कार्यहरुलाई विशेष महत्व दिएको छ। यसका लागि आवश्यक संस्थागत ढांचा, निकायहरुसंगको सम्बन्ध र समन्वय प्रक्रिया र अनुगमन गरिने विषयका आधारहरु प्राय तयार भैसकेका छन् र अनुगमनको व्यवस्थाको लागि मुख्य मुख्य ठाउंमा कम्प्यूटरको प्रयोग गरिने छ। विकास प्रशासनलाई उत्तरदायी बनाउन "उपलब्धी नै प्रत्येक निकाय तथा पदाधिकारीको सफलताको कसी हुने " वातावरण सिर्जना गर्न आवश्यक व्यवस्था भइरहेको छ। यसबाट आयोजनाको कार्यान्वयन क्षमतामा वृद्धि हुने आशा गरेको छु।

६.६ देशको कूल उत्पादन प्रकृयामा निजी क्षेत्रको ठूलो भूमिका छ। जबसम्म निजी क्षेत्रले अग्रसरता दर्शाइ उत्पादन बढाउदैन सरकारी क्षेत्रमा गरिएको उत्पादन वृद्धिले मात्र कूल राष्ट्रिय आयमा ठूलो असर पार्दैन। यस परिप्रेक्ष्यमा श्री ५ को सरकारको मुख्य कार्य नै निजी क्षेत्रलाई उत्पादन बढाउन प्रोत्साहित गर्ने अनुकूल बातावरण सिर्जना गर्नु हो। यस तथ्यलाई दृष्टिगत गरी आर्थिक नीतिहरु तथा कार्यक्रमहरु तर्जुमा गरिएका छन्। मलाई विश्वास छ हाम्रा उद्यमीहरुले प्रस्तावित आर्थिक नीतिहरुको अधिकतम लाभ उठाई आर्थिक विकासको अभियानमा योगदान पुऱ्याउने छन्।

६.७ आर्थिक विकासको लागि श्रमको प्रतिष्ठा, मेहनतको संस्कार, काम गर्ने बानी, सकारात्मक दृष्टिकोण र आत्म विश्वास जस्ता तत्व तथा गुणहरुको आवश्यकता पर्दछ। यी गुणहरुको विकासबाट नै आर्थिक विकासको लागि उपयुक्त वातावरण सिर्जना हुन्छ। यदि हामी हीन तथा नकारात्मक भावनाले ग्रसित भयौं भने वातावरण नै दूषित भै हामी गन्तव्य स्थानमा पुग्न समर्थ हुने छैनौं। यस सन्दर्भमा श्री ५ महाराजाधिराज सरकारबाट वक्स भएको "प्रत्येक गाउं, प्रत्येक नगर प्रत्येक जिल्ला, अन्चल र क्षेत्रमा बस्ने नेपालहरुलाई यस वारे आफ्नो कर्तव्य वोध गराएर एक दृढ संकल्प, अठोट र प्रतिवद्धता लिएर आगाडि बढ्न सके मात्र यो महान लक्ष्य पूरा हुन सक्छ " भन्ने महावाणी हृदयंगम गरी सर्वसाधारण जनतामा विकास प्रतिको आस्था लगाउन हामी सबै सकृय रुपले संलग्न हो। यही समयको माग हो।

आय व्ययको विवरण

रु. हजारमा

| आ.ब. ०४३।४४ को यथार्थ | विवरण | आ.ब. ०४३।४४ को संशोधित अनुमान | आ.ब. ०४४।४५ को अनुमान |
|---|---|---|---|
| ९७९७१०५ | कूल खर्च | ११८७२६६१ | १५१८७७४० |
| ३५८४००९ | साधारण तर्फ | ४३१३६६९ | ४९६१७२७ |
| ६२१३०९६ | विकास तर्फ | ७५५८९९२ | १०२२६०१३ |
| | खर्च व्यहोर्ने श्रोतहरु | | |
| ४६४४५२२ | राजश्व | ५८१५००० | ७३५५७५० |
| | आयको वर्तमान श्रोतबाट | | ६८५१२५० |
| | कर परिवर्तनबाट | | ५०४५०० |
| ११७२८७९ | बैदेशिक सहायता (अनुदान) | १४८९१५० | २४९२२४० |
| १०३४४३९ | द्विपक्षीय | १२७२४९१ | २०६१४०६ |
| १३८४४० | बहुपक्षीय | २१६६५९ | ४३०८३४ |
| -३९७९७०४ | बचत (+) न्यून (-) | -४५६८५११ | -५३३९७५० |
| | न्यून पूर्ति गर्ने श्रोतहरु | | |
| २५०११०३ | विदेशी सहायता (ऋण) | २८४७०५१ | ४१०९७५० |
| ४९८९२० | द्विपक्षीय | २९५३७२ | ४३२५०० |
| २००२१८३ | बहुपक्षीय | २५५१६७९ | ३६७७२५० |
| १४०३४०० | आन्तरिक ऋण | १७२१४६० | १२३०००० |
| ९०३४०० | (क) बैकिङ्ग क्षेत्रबाट ऋण | १२८१४६० | ८००००० |
| ५००००० | (ख) गैर बैकिङ्ग क्षेत्रबाट ऋण | ४४०००० | ४३०००० |
| ७५२०१ | नगद मौज्दातमा परिवर्तन (- बृद्धि) | | |

राजश्व अनुमान
२०४४/४५

रु.हजारमा

| संकेत संख्या | शीर्षक | उप – शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|---|
| १.१.१.० | भन्सार महसूल | | १६००००० | ३१०००० | १९१०००० |
| १.१.१.१ | | पैठारीबाट | १३८३५०० | ३१०००० | १६९३५०० |
| १.१.१.२ | | निकासीबाट | ८४००० | ० | ८४००० |
| १.१.१.३ | | भारतीय अन्त:शुल्क फिर्ता | १३०००० | ० | १३०००० |
| १.१.१.४ | | भन्सारको अन्य आय | २५०० | ० | २५०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्त:शुलक र कर | | २४६२२०० | १३५५०० | २५९७७०० |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्त:शुल्क | ७५०२०० | ६५५०० | ८१५७०० |
| १.१-२.२ | | मदभट्टी ठेक्का रकम | ३५०० | ० | ३५०० |
| १.१.२.३ | | विक्री कर | १४०३५०० | ४५००० | १४४८५०० |
| १.१.२.४ | | मनोरञ्जन कर | ३०००० | ० | ३०००० |
| १.१.२.६ | | होटल कर | ८०००० | ० | ८०००० |
| १.१.२.७ | | हवाइ उडान कर | ५५००० | १५००० | ७०००० |
| १.१.२.८ | | ठेक्का कर | १२५००० | ० | १२५००० |
| १.१.२.९ | | सडक पूल सम्भार कर | १५००० | १०००० | २५००० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | २५०००० | ५०००० | ३००००० |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ६५००० | ० | ६५००० |
| १.१.३.३ | | घर जग्गा रजिष्ट्रेशन दस्तुर | १८५००० | ५०००० | २३५००० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ६०३५०० | ७५०० | ६११००० |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | १०१२०० | ० | १०१२०० |
| १.१.४.२ | | आयकर– अर्घ सरकारी क्षेत्र | १६००० | ० | १६००० |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | ३२०० | ० | ३२०० |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | ३९६१०० | ० | ३९६१०० |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | २९५०० | ० | २९५०० |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | १७५०० | ५००० | २२५०० |
| १.१.४.८ | | सवारी साधन कर | २५००० | २५०० | २७५०० |
| १.१.४.९ क | | ब्याज कर | १५००० | ० | १५००० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | १०४१६०० | ० | १०४१६०० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | १२१०० | ० | १२१०० |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | १५०० | ० | १५०० |
| १.१.५.४ | | सावरी इजाजत दस्तुर | ९५०० | ० | ९५०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | १८५०० | ० | १८५०० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | १०००००० | ० | १०००००० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | ३२८९५० | ० | ३२८९५० |
| १.१.६.१ | | पिउने पानी महसूल | १६०० | ० | १६०० |
| १.१.६.२ | | पानीपोत | ८५० | ० | ८५० |
| १.१.६.३ | | विद्युत महसूल | १००० | ० | १००० |
| १.१.६.४ | | हुलाक सेवा | ५२००० | ० | ५२००० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | ३०००० | ० | ३०००० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ११५०० | ० | ११५०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | १०५००० | ० | १०५००० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ५२००० | ० | ५२००० |
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ७५००० | ० | ७५००० |
| १.१.७.० | लाभांस | | १२८१०० | ० | १२८१०० |
| १.१.७.१ | | वित्तीय स.स्था | ११५५०० | ० | ११५५०० |
| १.१.७.२ | | व्यापारिक संस्था | ५५०० | ० | ५५०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ६५०० | ० | ६५०० |
| १.१.७.४ | | सेवामूलक संस्था | ६०० | ० | ६०० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | २२००० | ० | २२००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१.८.१ | | खानी रोयल्टी | ४००० | ० | ४००० |
| १.१.८.३ | | अन्य रोयल्टी | ८५०० | ० | ८५०० |
| १.१.८.४ | | अन्य बिक्री | ९५०० | ० | ९५०० |
| १.१.९.० | साँव र ब्याज | | ४०८९०० | ० | ४०८९०० |
| १.१.९.१ | | साँवा–कम्पनी र स.स्थानहरुबाट | १७०००० | ० | १७०००० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | २३८००० | ० | २३८००० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | ९०० | ० | ९०० |
| १.१.९.० | विविध आय | | ६००० | १५०० | ७५०० |
| १.१.९.४ | | विविध आय | ६००० | १५०० | ७५०० |
| | | | ६८५१२५० | ५०४५०० | ७३५५७५० |

आर्थिक बर्ष २०४२।४३ को यथार्थ र २०४३।४४ को संशोधित अनुमान (राजश्व)

रु. हजारमा

| संकेत संख्या | शीर्षक | उप–शीर्षक | आ.ब. २०४२।४३ को यथार्थ | आ.ब. २०४३।४४ को संशोधित अनुमान |
|---|---|---|---|---|
| | | कूल जम्मा | ४६४४५२२ | ५८१५००० |
| १.१.१.० | भन्सार महसूल | | १२३११०४ | १४५०००० |
| १.१.१.१ | | पैठारीबाट | १०८११२९ | १२४४०६४ |
| १.१.१.२ | | निकासीबाट | ७३३४३ | ७४२७० |
| १.१.१.३ | | भारतीय अन्तःशुल्क फिर्ता | ७५६३९ | १२९८१० |
| १.१.१.४ | | भन्सारको अन्य आय | ९९३ | १८५६ |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | | १७६६६३१ | २०७२१२४ |
| १.१.२.१ | | औद्योगिक उत्पादनमा अन्तःशुल्क | ५५५४३१ | ६६२५५१ |
| १.१.२.२ | | मदभट्टी ठेक्का रकम | ३२७६ | ३०७३ |
| १.१.२.३ | | विक्री कर | ९८५९०१ | ११४०००० |
| १.१.२.४ | | मनोरञ्जन कर | २२३१८ | २६००० |
| १.१.२.६ | | होटल कर | ४७८४६ | ६५५०० |
| १.१.२.७ | | हवाइ उडान कर | २४८९० | ४४००० |
| १.१.२.८ | | ठेक्का कर | ११७०३४ | ११९००० |
| १.१.२.९ | | सडक पूल सम्भार कर | ९९३५ | १२००० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | | २५८७५१ | २४९२७६ |
| १.१.३.१ | | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ७४२२४ | ५६५३६ |
| १.१.३.३ | | घरजग्गा रजिष्ट्रेशन दस्तुर | १७००७७ | १९२७४० |
| १.१.३.४ | | टिकट दस्तुर | १४४५० | ० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | | ४०२९८१ | ४७१५०० |
| १.१.४.१ | | आयकर –सरकारी क्षेत्र | ११०८०९ | १०११२८ |
| १.१.४.२ | | आयकर– अर्ध सरकारी क्षेत्र | १७८८ | १५२५६ |
| १.१.४.३ | | आयकर–सार्वजनिक क्षेत्र | २०२० | ३०५१ |
| १.१.४.४ | | आयकर – निजी क्षेत्र | २३४४५४ | २८०२८३ |
| १.१.४.५ | | आयकर–पारिश्रमिक | १५३४८ | २५२८२ |
| १.१.४.७ | | शहरी क्षेत्र घरजग्गा कर | १०२५६ | १२५०० |
| १.१.४.८ | | सवारी साधन कर | १८१३९ | २३२२० |
| १.१.४.९ क | | ब्याज कर | १०१६७ | १०७८० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | | २०१७३२ | ८१२९०० |
| १.१.५.१ | | फर्म रजिष्ट्रेशन दस्तुर | ८२४६ | १०६७७ |
| १.१.५.३ | | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ८७५ | ९२३ |
| १.१.५.४ | | सवारी इजाजत दस्तुर | ७०५० | ८५०० |
| १.१.५.५ | | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | १३४७७ | १५५०० |
| १.१.५.६ | | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | १७२०८४ | ७७७३०० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | | ३०५६२२ | २९८२०० |
| १.१.६.१ | | पिउने पानी महसूल | १३९६ | १४५० |
| १.१.६.२ | | पानीपोत | ४५७ | ५५० |
| १.१.६.३ | | विद्युत महसूल | ५७१३ | ११०० |
| १.१.६.४ | | हुलाक सेवा | ३६४१७ | ४५६०० |
| १.१.६.५ | | खाद्य कृषि क्षेत्रको आय | ३१८७३ | २१५०० |
| १.१.६.६ | | शिक्षा क्षेत्रको आय | ६९४९ | ९९०० |
| १.१.६.७ | | वन क्षेत्रको आय | ११५५८३ | १०२५०० |
| १.१.६.८ | | यातायात क्षेत्रको आय | ४६०२४ | ४५६०० |

| | | | | |
|---|---|---|---|---|
| १.१.६.९ | | अन्य सरकारी क्षेत्रको आय | ६१२१० | ७०००० |
| १.१.७.० | लाभांस | | ११००६९ | ११००५० |
| १.१.७.१ | | वित्तीय स.स्था | ९७४६८ | १०१५०० |
| १.१.७.२ | | व्यापारिक संस्था | ३४४ | ११०० |
| १.१.७.३ | | औद्योगिक संस्था | ११८०९ | ६५०० |
| १.१.७.४ | | सेवामुल्क संस्था | ४४८ | ९५० |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | | ३२५९३ | २३७०० |
| १.१.८.१ | | खानी रोयल्टी | २५७० | ३७०० |
| १.१.८.३ | | अन्य रोयल्टी | ५२८७ | ८५०० |
| १.१.८.६ | | अन्य विक्री | २४७३६ | ११५०० |
| १.१.९.० | साँव र ब्याज | | ३२४५७७ | ३१९१०० |
| १.१.९.१ | | साँवा–कम्पनी र स.स्थानहरुबाट | १३६७१७ | १५५००० |
| १.१.९.२ | | ब्याज–कम्पनी र संस्थानहरुबाट | १८६१३९ | १६३२०० |
| १.१.९.३ | | अन्य साँवा र ब्याज | १७२१ | ९०० |
| १.१.९.० | विविध आय | | १०४६२ | ८१५० |
| १.१.९.४ | | विविध आय | १०४६२ | ८१५० |

व्यय अनुमान
(साधारण बजेट)

रु.हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४२।४३ को यथार्थ | आ.ब. २०४३।४४ को संशोधित अनुमान | आ.ब. २०४४।४५ को अनुमान |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरु | | | ११३१६८ | १४७१६१ | ११७३८७ |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राज परिवार | २५५१५ | २५५१५ | २८२५५ |
| | १.२ | राजसभा | १९२९ | २८०० | २८६० |
| | १.३ | राष्ट्रिय पञ्चायत | ९५३२ | १२१६३ | १२७४० |
| | १.४ | महालेखा परिक्षकको विभाग | ८१२३ | १२५४२ | १५४१० |
| | १.५ | सर्वोच्च अदालत | ३६८८ | ५२५० | ६२८१ |
| | १.६ | लोक सेवा आयोग | ८९४९ | १२६६५ | १७६५१ |
| | १.७ | निर्वाचन आयोग | ४६३०३ | ४७१६७ | ३८४१ |
| | १.८ | अख्तियार दुरुपयोग निवारण आयोग | ११४१ | २००० | २०७२ |
| | १.९ | महान्यायाधिवक्ताको कार्यालय | १५०९ | २०५९ | २३२७ |
| | १.१० | पन्चायत नीति तथा जाँचबुझ स. | ६४७९ | २५००० | २५९५० |
| २. साधारण प्रशासन | | | ५१६१४३ | ६०७९६५ | ६९९८१० |
| | २.१ | मन्त्रिपरिषद् | ४२०५ | ५७३० | ६२८८ |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | ५१७४४ | ६६६१९ | ८०६८० |
| | २.३ | जिल्ला प्रशासन | ४३८३० | ५६५२२ | ६१३८२ |
| | २.४ | प्रहरी | ३७७५२६ | ४०९८८५ | ४७५६०४ |
| | २.५ | कारागार | २५९६१ | ३०९१५ | ३३७८८ |
| | २.६ | विविध | १२४२७ | ३७८४४ | ४०५६८ |
| | २.७ | प्रशासन सुधार | ४५० | ४५० | १५०० |
| ३. राजश्व प्रशासन | | | ७५३४६ | ९८१५४ | १०७७४७ |
| | ३.१ | मालपोत | ३३९५१ | ४२८२० | ४४६७२ |
| | ३.२ | भन्सार | २३३६३ | ३०३१२ | ३३८७० |
| | ३.३ | अन्त:शुल्क | ८१३९ | १०९३३ | १३१२४ |
| | ३.४ | कर | ९५३९ | १३६६९ | १५६०२ |
| | ३.५ | राजश्व न्यायाधिकरण | ३५४ | ४२० | ४७९ |
| ४. आर्थिक प्रशासन र योजना | | | ३१४७९ | ४०२२३ | ४२८५१ |
| | ४.१ | योजना | १४०९ | २२८० | २७३५ |
| | ४.२ | तथ्याङ्क | १४६७ | १८५७ | २२०९ |
| | ४.४ | महालेखा नियन्त्रक कार्यालय | २६२२५ | ३३०८७ | ३७९०७ |
| | ४.५ | मेट्रिक नापतौल | २३७८ | २९९९ | ० |
| ५.न्याय प्रशासन | | | ५१६५९ | ६८७५७ | ७५४६८ |
| | ५.१ | अदालत | ५१३३६ | ६८३३६ | ७५०२९ |
| | ५.२ | अ.दु.नि.पुनरावेदन अदालत | ३२३ | ४२१ | ४३९ |
| ६.बैदेशिक सेवा | | | ७१६३५ | १०४२९६ | १०५८८४ |
| | ६.१ | ब्रैदेशिक सेवा | ६१०३६ | ७५७९६ | ८८२११ |
| | ६.२ | विविध | १०५९९ | २८५०० | १७६७३ |
| ७. रक्षा | | | ६०६२१६ | ७०७५१७ | ८१७०१५ |
| | ७.१ | रक्षा | ५१४४८५ | ५९८०२५ | ६८४४०० |
| | ७.२ | विविध | ९१७३१ | १०९४९२ | १३२६१५ |
| ८. सामाजिक सेवाहरु | | | ४९३०६१ | ५१६५७५ | ६०५१२५ |
| | ८.१ | शिक्षा | २०७६२७ | २४४४८१ | २७१४९९ |
| | ८.२ | स्वास्थ्य | १४९९६२ | १८४२७१ | २३१९३१ |
| | ८.३ | पाउने पानी | १०२०८ | १२४३८ | १६०५५ |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | ८९५८४ | २७३८१ | ३१३६५ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ३५६८० | ४८००४ | ५४२७५ |
| ९. आर्थिक सेवाहरु | | | २३२३१८ | २९९४५८ | ३४९०५२ |
| | ९.१ | कृषि | ६६३४ | ८४२८ | ९३२२ |
| | ९.२ | सिंचाई | ६१७१ | ८११५ | ९४४४ |
| | ९.३ | भूमिसुधार | २३५५९ | २८२६० | ३१६०१ |
| | ९.४ | नापी | ९४६९ | १२७७४ | १४१६२ |
| | ९.५ | बन | १००२५ | १५०३५ | १६८३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९.६ | उद्योग तथा खानी | ६८४३ | ८५३५ | १५१७७ |
| | ९.७ | सञ्चार | ९८४४४ | १२३४९६ | १४३३५८ |
| | ९.८ | यातायात | ६६४११ | ९००४६ | १०३३८१ |
| | ९.९ | विद्युत | ८८४ | ० | ० |
| | ९.१ | अन्य आर्थिक सेवाहरु | ३८७८ | ४७६९ | ५७७२ |
| १०.ऋण तथा लगानी | | | ८९८७ | १३७६० | ११२६० |
| | १०.१ | ऋण तथा लगानी | ८९८७ | १३७६० | ११२६० |
| ११. साँवा र ब्याज भुक्तानी | | | १०१९२८९ | १२६१५०० | १४९७३३७ |
| | ११.१ | साँवा भुक्तानी | ३४२८०५ | ३६५५१० | ४५८०२५ |
| | ११.२ | ब्याज भुक्तानी | ६७६४८४ | ८९५९९० | १०३९३१२ |
| १२. विविध | | | ३६४७०८ | ४४८३०३ | ४८९०५० |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ३३००५ | ५०८६६ | ६०००० |
| | १२.२ | निवृत्तिभरण,भत्ता तथा उपदान | ९८०७० | १२९६०० | १००००० |
| | १२.३ | अतिथि सत्कार | ५३८ | १८०७ | १००००० |
| | १२.४ | आकस्मिक सहायता चन्दा तथा पुरस्कार | २५ | १०० | २०००० |
| | १२.५ | मुआब्जा | २५६ | २६५० | १००००० |
| | १२.६ | अन्य | १४०२६३ | १९९२८० | २९०५० |
| | १२.७ | भैपरी आउने | ९२५५१ | ६४००० | ८०००० |
| | | कूल जम्मा | ३५८४००९ | ४३१३६६९ | ४९१७९८६ |

**सम्माननीय अध्यक्ष महोदय,**

१.१ राष्ट्रिय पन्चायतको यो अठ्तीसौं अधिवेशनमा नेपाल अधिराज्यको् आर्थिक वर्ष २०४४।४५ को आय–व्यय विवरण पेश गर्न उपस्थित भएको छु ।

१.२ प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा **श्री ५ महाराजाधिराज सरकारबाट** यस सदनको चालू अधिवेशनलाई बक्स भएको शाही सम्बोधनलाई नै मैले मुख्य आधार लिएको छु ।

१.३ **श्री ५ महाराजाधिराज सरकारको** सदिच्छाअनुसार विक्रम सम्वत् २०५७ सम्ममा नेपाली जनताको लागि एशियाली मापदण्डबाट उपयुक्त मानवोचित जीवनस्तर हासिल गर्ने क्रममा आगामी वर्षको बजेट तर्जुमा गर्दा मैले मुख्यतया निम्न तीन बुंदाहरुमा आफ्नो ध्यान केन्द्रीत गरेको छु :

- आधारभूत आवश्यकता परिपूर्तिको लागि पूर्वाधारहरु सिर्जना गर्ने,
- सरकारी लगानीको प्रभावकारिता तथा कुशलताको अभिवृद्धि गर्ने,
- निजी क्षेत्रको लगानी उत्पादनशील क्षेत्रमा प्रवाहित गर्न आवश्यक वातावरण सिर्जना गर्ने ।

उपर्युक्त उद्देश्यहरु अनुरुप लगानी नीति, वित्तीय तथा मौद्रिक नीति र विकास कार्यक्रमहरु तर्जुमा गरिएका छन्

१.४ आगामी आर्थिक वर्षको नीतिगत विषयहरुको विवेचना गर्नु अगाडि चालू वर्षको आर्थिक गतिविधि वारे संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१.५ आर्थिक वर्ष २०४२।४३ मा कूल गार्हस्थ उत्पादन स्थिर मूल्यमा ४.० प्रतिशतले बढेको थियो भने चालू वर्षमा यो वृद्धि दर २.३ प्रतिशत मात्र हुने अनुमान छ ।

१.६ चालू वर्ष मौसमको प्रतिकूलताले गर्दा प्रमुख खाद्यान्नवालीहरु बिग्री कूल खाद्यान्न उत्पादन ७.८ प्रतिशतले ह्रास भएको
छ । चालू वर्ष धानको उत्पादन १५.४ प्रतिशत र मकैको उत्पादन ०.७ प्रतिशतले ह्रास हुन गएको छ भने गहुंको उत्पादन १४.७ प्रतिशतले वृद्धि भएको अनुमान छ । नगदेवाली तर्फ चालू वर्ष जूटको उत्पादन करीब ६२.३ प्रतिशतले घट्न गएको छ भने उखु र आलूको उत्पादन क्रमशः ५.० र ९.५ प्रतिशतले वृद्धि भएको देखिन्छ । तेलहन र सूर्तीको उत्पादन गत वर्ष के स्थितिमा रहेको अनुमान छ । कृषि क्षेत्रको कूल उत्पादन वृद्धि गत वर्ष ४.४ प्रतिशत भएकोमा यो वर्ष १ प्रतिशत मात्र हुने अनुमान छ ।

१.७ औद्योगिक उत्पादन तर्फ गत वर्ष १८.७ प्रतिशतले वृद्धि भएकोमा चालू वर्ष यो वृद्धि २७.६ प्रतिशत रहेको अनुमान छ । कच्चा पदार्थको आपूर्तिमा दिइएको विशेष जोड, विद्युतको नियमित आपूर्ति, केही नयां उद्योग संचालनमा आएका र केही उद्योगहरुको क्षमता वृद्धिले गर्दा औद्योगिक उत्पादनमा उल्लेखनीय प्रगति भएको छ ।

१.८ गत आर्थिक वर्षको पहिलो नौ महिनामा मुद्रा प्रदाय २६.७ प्रतिशतले वृद्धि भै वार्षिक वृद्धि दर २८.३ प तिशत पुग्न गएकोमा चालू वर्ष आन्तरिक कर्जा विस्तारमा गरिएको नियन्त्रणका साथै खूद विदेशी सम्पत्तिको वृद्धि दरमा केही मन्दता आएकोले प्रथम नौ महिनामा मुद्रा प्रदाय ११.७ प्रतिशतले मात्र वृद्धि भएको छ र आर्थिक वर्षको अन्त्यसम्ममा यो विस्तार १८.५ प्रतिशत पुग्ने अनुमान छ ।

१.९ वैदेशिक व्यापारतर्फ चालू आर्थिक वर्षको प्रथम नौ महिनामा आयात १२.५ प्रतिशतले वृद्धि हुन गई रु. ७ अरव ४० करोड ८३ लाख पुग्न गएको छ भने निर्यातमा ३.३ प्रतिशतले ह्रास हुन गई रु. २ अरब २० करोड ६२ लाख भएको छ । यसरी कूल व्यापार घाटा रु. ५ अरब २० करोड २१ लाख पुगेको अनुमान छ । आयात तर्फको वृद्धि मुख्यतः विदेशी सहायताबाट संचालित आयोजनाहरु र कच्चा पदार्थको आपूर्तिमा दिइएको जोडले भएको हो । विदेशी सहायता अन्तर्गत आयोजनातर्फको पैठारी गत वर्ष रु. १ अरब ९१ करोड भएकोमा चालू वर्षको अन्तसम्ममा करीब रु. ३ अरब पुग्ने अनुमान छ । त्यस्तै कच्चा पदार्थको पैठारी पनि गत वर्षको तुलनामा निक्कै वृद्धि हुने अनुमान छ । आन्तरिक उत्पादन वृद्धिको कारणबाट अन्य वस्तुहरुको पैठारी केही घट्न गएको छ । निर्यात तर्फ हाल तयारी पोशाक र गलैंचा निकासीमा भएको वृद्धिले गर्दा आर्थिक वर्षको अन्तसम्ममा कूल निकासी गत वर्षको दांजोमा केही बढ्ने अनुमान छ ।

१.१० शहरी क्षेत्रकोसरदर उपभोक्ता मूल्य वृद्धि गत वर्ष १५.९ प्रतिशत रहे तापनि श्रावणदेखि आषाढसम्मको विन्दुगत मूल्य वृद्धि २१.७ प्रतिशतले भएको थियो । श्रावणदेखि चैत्रसम्म गत वर्ष विन्दुगत मूल्य वृद्धि १४.८ प्रतिशत भएकोमा चालू वर्ष २.६ प्रतिशत मात्र भएको छ । चालू वर्षको अन्तसम्ममा विन्दुगत मूल्य वृद्धिदर करीब ८.१ प्रतिशत पुगी सरदर वार्षिक मूल्य वृद्धि १३ प्रतिशत पुग्ने अनुमान छ ।

व्यय अनुमान
(विकास बजेट)

रु. हजारमा

| मुख्य शिर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४२।४३ को यथार्थ | आ.ब. २०४३।४४ को संशोधित अनुमान | आ.ब. २०४४।४५ को अनुमान |
|---|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | १०२७४ | १५१०६ | ३३२७४ |
| | २.७ | प्रशासन | १०२७४ | १५१०६ | ३३२७४ |
| ४. आर्थिक योजना र प्रशासन | | | ३९६१ | ४६३८ | ७६३३ |
| | ४.१ | योजना | १८६३ | १६३८ | २२७४ |
| | ४.२ | तथ्याक | २०९८ | ३००० | ५३५९ |
| ८. सामाजिक सेवाहरु | | | १६९९८३९ | २१२६०५२ | २९८४४८४ |
| | ८.१ | शिक्षा | ८७९३६८ | १०१९३८१ | १३२८३०३ |
| | ८.२ | स्वास्थ्य | २५५८८९ | २७८१४८ | ५८३३०४ |
| | ८.३ | पिउने पानी | २२८३०४ | २९३३०२ | ३२९१२५ |
| | ८.४ | पञ्चायत तथा स्थानीय विकास | २८०८०५ | ४३४५०६ | ५८७८५७ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ५५४७३ | १००७१५ | १५५८९५ |
| ९. आर्थिक सेवाहरु | | | ४४१४४५१ | ५२६०२५६ | ६९२२२७४ |
| | ९.१ | कृषि | ८५६१५१ | ७७७३४७ | ९१८६३९ |
| | ९.२ | सिंचाई | ८४६६९८ | ६७३१८१ | ८९२२२४ |
| | ९.३ | भूमिसुधार | १८९१९ | २४६३२ | २५०७९ |
| | ९.४ | नापी | ४६६७२ | ७००९६ | ७९८१० |
| | ९.५ | बन | ३६४९७१ | ३८६६७८ | ५५४८७४ |
| | ९.६ | उद्योग तथा खानी | ३९७५३५ | ३२७८६५ | ५२९००० |
| | ९.७ | सञ्चार | ८९५२७ | १२३९५३ | ३२५२०१ |
| | | (क) हुलाक | -२९४५ | -४९९६ | -५२०१ |
| | | (ख) दूर संचार | -८६५८२ | -११८९५७ | -३२०००० |
| | ९.८ | यातायात | ७१७०१४ | ८६२८५२ | १७१७४२० |
| | | (क) सडक | -५६६०७२ | -६१४५६९ | -१४०६४८७ |
| | | (ख) पूल | -४९८९२ | -६१४५६९ | -१०७७५३ |
| | | (ग) हवाई | -१००२७९ | -१४१९९० | -२००६८५ |
| | | (घ) अन्य यातायात | -७७१ | -७०० | -२४९५ |
| | ९.९ | विद्युत | १०३५३८१ | १५३०१५६ | १६७८२९२ |
| | ९.१ | अन्य आर्थिक सेवाहरु | ४१५८३ | ४८३४९६ | २०१७३५ |
| | | (क) बाणिज्य | -९७१९ | -९८६७ | -१६१२५ |
| | | (ख) श्रम | -५०४५ | -५००० | -१२२८२ |
| | | (ग) पर्यटन | -४६६८ | -९५७७१ | -१२३२४६ |
| | | घ) हावापानी तथा जल विज्ञान | -९२७९ | -६०२६ | -१६०३१ |
| १२. विविध | | (ङ)अन्य | -१२८७२ | -३६६८३२ | -३४०५१ |
| | | | ६३८४८ | ६७९४० | ९५००० |
| | १२.६३ | अन्य | २०७२३ | ८५००० | १८३३४८ |
| | १२.७ | भैपरी | ६३८४८ | ६७९४० | ९५००० |
| कूल जम्मा | | | ६२१३०९६ | ७५५८९९२ | १०२२६०१३ |